# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी(ब.सु.प.)

नेपाल

च.नं.: ९३८

प. सं :२०७७/०७८

मिति :२०७७/०६/२५

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै

रामग्राम नगरपालिका ब.सु.प. नवलपरासी ।

**विषय:- विद्यार्थी सिकाइ सहजीकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा रामग्राम नगर शिक्षा समितिको मिति २०७७/०६/०८ गतको बैठकले विद्यार्थी सिकाइ सहजिकरण सम्बन्धमा तपसील अनुसारको निर्णय गरेकोले सोही अनुसार गर्नु गराउनुहुन जानकारी गराइन्छ ।

१) विद्यालयका कार्यालयहरु अनिवार्य रुपमा खोल्ने ।

२) शिक्षकहरु विद्यालय/कार्यस्थलमा नियमित उपस्थित हुने ।

३) विद्यालयमा भर्ना हुन बाँकी र स्थानान्तरीत विद्यार्थीहरुलाई मिति २०७७/०६/१५ गते सम्ममा भर्ना गर्ने ।

४) सबै विद्यार्थीहरुको हातहातमा पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था मिलाउने ।

५) सिकाई सहजीकरण निर्देशिका-२०७७ बमोजीम विद्यार्थीको वर्गीकरण गरी सो को विवरण पठाउन बाँकी विद्यालयले शिक्षा शाखामा उपलब्ध गराउने ।

६) इन्टरनेट तथा सुचना सन्चार प्रविधिको साधनमा पहुँच भएका विद्याथीहरुलाई अनलाइन प्रविधिबाट सिकाई सहजीकरण गर्ने ।

७) रेडियो, टेलिभिजनमा पहुँच भएको विद्यार्थीहरुलाई सिकाई क्रियाकलाप प्रसारण भएका समयमा सहभागी हुन प्रसारण हुने कार्य तालिका सम्बन्धित विद्यालयले विद्यार्थीहरुलाई उपलब्ध गराउने ।

८) सबै किसिमको प्रविधको पहुँच भन्दा बाहिर रहेका विद्यार्थी समूहलाई विद्यार्थीको स-साना समूह बनाई शिक्षक मार्फत सिकाई सहजीकरण गर्ने । यसका लागि विद्यार्थीहरुलाई छुट्टाछुट्टै समयमा विद्यालयमा वा सिकाई केन्द्रमा बोलाएर सिकाई सामग्री/गृहकार्य वितरण गर्ने, विद्यार्थीले गरेका गृहकार्य संकलन गर्ने, विद्यार्थीका पाठगत समस्या समाधान गर्ने र आवश्यक पृष्ठपोषण दिइ निरन्तर मूल्याङ्कन गर्ने ।

९) बुँदा नं. (८) अनुसारको सिकाई केन्द्रमा वा विद्यालयलाई नै सिकाई सहजीकरणको केन्द्र बनाउनु पर्दा तपसील बमोजीमका स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउने ।

क) सन्चालीत कक्षा र विद्यार्थी संख्याको आधारमा सीमित कक्षा र सीमित विद्यार्थी राखेर सहजीकरण गर्ने । विद्यालय कम्पाउण्ड भित्र कक्षा कोठामा रहदा भौतिक दुरी कायम गर्ने र विद्यार्थीलाई घरबाट विद्यालयसम्म आउदा जाँदा पनि भौतिक दुरी कायम गर्न लगाउने ।

ख) एउटा बेन्चमा १ सिफ्टमा १ जना विद्यार्थी मात्र राख्ने ।

ग) कक्षा कोठा र विद्यालय कम्पाउण्ड सरसफाई गर्ने, सेनीटाइज गर्ने ।

घ) सिकाई केन्द्र वा विद्यालयका कक्षा कोठामा उपस्थित हुने सबै विद्यार्थी र शिक्षकले अनिवार्य रुपमा मास्क लगाउने ।

ङ) विद्यार्थीलाई पटक पटक साबुन पानीले हात धुने व्यवस्था अनिवार्य रुपमा गर्ने ।

च) विद्यार्थीहरुलाई ल्याउने लैजाने प्रयोजनका लागि बस सन्चालनमा नल्याउने ।

छ) सिकाइ सहजीकरण प्रक्रियाको जुनसुकै समयमा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउने ।

ज) पाठ्यक्रमले निर्दिष्ट गरेता पनि कुनै पनि किसिमको सामूहिक क्रियाकलाप, सामूहिक खेल, जस्ता भौतिक दुरी कायम गर्न नमिल्ने क्रियाकलाप नगर्ने नगराउने ।

१०) विद्यालयले विद्यार्थीका अभिभावक पहिचान गर्ने, आंशिक रुपमा भएपनि विद्यार्थीको सिकाईमा सहजीकरण गर्न सक्ने अभिभावकहरुका लागि अभिभावक शिक्षा कार्यक्रम सन्चालन गर्ने, शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्रबाट अभिभावक मार्फत सिकाई सहजीकरणका लागि तयार गरिएका सिकाई सामाग्रीहरु नगरपालिकाबाट छपाई गरी विद्यालयहरुलाई वितरणको व्यवस्था गर्ने ।

११) सिकाई सहजीकरण निर्देशिका २०७७ बमोजीम समूहगत रुपमा वर्गीकरण गरिएका विद्यार्थीहरुको सिकाइमा सहज हुने अवस्था विश्लेषण गरी प्रत्येक विद्यालयले आफ्नो सेवा क्षेत्रभित्रका सबै बालबालिकाको सिकाई सहजीकरण गर्ने कार्ययोजना तयार गरी मिति २०७७/०६/१५ गते सम्म शिक्षा शाखामा उपलब्ध गराउने/गराउन लगाउने ।

१२) संस्थागत विद्यालयहरुबाट माथि उल्लेखित कुराहरुको अतिरिक्त गत शैक्षिक सत्रमा लिएको कक्षागत शुल्कको विवरण र हाल वैकल्पिक विधिहरुबाट सिकाई सहजीकरण गर्दा लाग्ने, कक्षागत शुल्कको प्रस्तावित दर मिति २०७७/०६/१५ गते सम्ममा माग गर्ने ।

**पुनश्चः-** संस्थागत विद्यालयले लिने शुल्क सम्बन्धमा २०७७/०६/१५ को कार्यपालिकाको बैठकबाट तपसील बमोजिमको निर्णय भएकोले सोही अनुसार गर्नु गराउनु हुन जानकारी गराइन्छ ।

**तपसीलः-**

शैक्षिक सत्र २०७७ मा बैकल्पिक विधिहरुको प्रयोग गरी सिकाइ सहजीकरण गरिरहेका संस्थागत विद्यालयहरुले २०७७ असोज १ गते देखि सिकाइ सहजीकरण गरेवापत शैक्षिक सत्र २०७६ मा लिए सरहको मासिक शुल्कमा नबढ्ने गरी मासिक शुल्क लिन पाउने र विद्यार्थीहरुलाई सेवा प्रदान नगरेका कुनै पनि शीर्षक **(ल्याब, लाइब्रेरी, खेलकुद, कम्प्यूटर, यातायात जस्ता शीर्षक)** मा कुनै पनि शुल्क लिन नपाउने ।

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

६।२८

रुद्र प्रसाद रेग्मी
नगर शिक्षा अधिकारी